# नगर प्रहरी नियमावली - २०७५

## पहिलो संशोधन २०७७

**प्रस्तावना :** नगरवासीको नगरलाई स्वच्छ र सफा राख्ने नगरवासीको चाहना पूर्ति गर्दै नगरको सुरक्षा व्यवस्था समेत सुदृढ तुल्याउँदै नागरिकको स्वच्छ वातावरणमा बाँच्न पाउने हकको प्रचलन र जीउधनको सुरक्षा प्रदान गर्न वाञ्छनीय भएकाले नेपालको संविधान धारा २२६ अनुसूची ८ ले दिएको अधिकार प्रयोग गरी मन्थली नगरपालिकाको नगर कार्यपालिकाबाट नगर प्रहरी नियमावली २०७५ बनाई लागू गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :** १) यो नियमावलीको नाम “नगरप्रहरी नियमावली २०७५ (पहिलो संशोधन २०७७” रहेको छ ।

२) यो नियमावली स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ ।

**परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा :

(क) “नगर प्रहरी” भन्नाले मन्थली नगरपालिकाबाट यस नियमावली बमोजिम नियुक्त भएका नगर प्रहरीलाई सम्झनु पर्दछ ।

(ख) “प्रमुख” भन्नाले मन्थली नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ ।

(ग) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले मन्थली नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(घ) “कार्यालय” भन्नाले मन्थली नगरपालिकाको कार्यलय सम्झनु पर्दछ ।

(ङ) “पदपूर्ति समिति” भन्नाले नगरपालिकाको पदपूर्ति समितिलाई सम्झनु पर्दछ ।

**३. नगर प्रहरी समूह गठन :** ३) मन्थली नगरपालिकाबाट देहायबमोजिमका नगर प्रहरी समूह गठन गरी आवश्यकता अनुसार देहायका पद सिर्जना गरी पदपूर्ति गर्न सकिने छ ।

(क) नगर प्रहरी अधिकृत स्तर छैटौं तह

(ख) नगर प्रहरी सहायक स्तर पाँचौं तह

(ग) नगर प्रहरी सहायक स्तर चौथो तह (हबल्दार)

(घ) नगर प्रहरी जवान

**४. पदपूर्ति सम्बन्धी व्यवस्था :** १) मन्थली नगरपालिकाबाट तोकिए बमोजिम नगर प्रहरीको आवश्यक दरबन्दी सिर्जना गरिनेछ ।

२) उपदफा (१) बमोजिम सिर्जना भएका पदको पदपूर्ति गर्न कार्यपालिकाबाट पदपूर्ति समक्ष सिफारिस गरिने छ ।

**५) १) नगर प्रहरीको आवश्यक योग्यता :** (क) नगर प्रहरी अधिकृत छैटौं तहका लागि कुनै विषयमा स्नातक तह उत्तीर्ण गरी सेना वा प्रहरीमा अधिकृत स्तरको सेवाबाट निवृत्ति भएको वा उपदान लिएर राजीनामा गरेको वा राजीनामा गरेको वा सो क्षेत्रमा तालिम प्राप्त गरी ४० वर्ष उमेर ननाघेको ।

(ख) नगर प्रहरी पाँचौं तहका लागि कुनै विषयमा +२ उत्तीर्ण गरी सो विषयमा तालिम प्राप्त गरी ४० वर्ष उमेर ननाघेको ।

(ग) नगर प्रहरी सहायक चौथो तह (हवल्दार) का लागि कुनै विषयमा माध्यमिक शिक्षा उत्तीर्ण गरी ४० वर्ष ननाघेको ।

(घ) नगर प्रहरी जवानका लागि आधारभूत शिक्षा वा सो सरह उत्तीर्ण गरी १८ वर्ष

उमेर पूरा भई ४० वर्ष ननाघेको ।

२) उपदफा (१) को प्रकरण नं. (क) (ख) बमोजिमका पदमा नियुक्त गर्दा नेपाल प्रहरी एवम् नेपाली सेनाबाट निवृत्त भएका वा उपदान सेवा लिई राजीनामा गरेका वा राजीनामा गरेका व्यक्तिहरूलाई पहिलो प्राथमिकता दिइने छ ।

६. दफा ५.१ (क) (ख) (ग) र (घ) बमोजिमका नगर प्रहरीको नियुक्ति गर्दा पदपूर्ति समितिको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले नियुक्ति दिनेछन् ।

**७. पदपूर्ति समितिको गठन :** नगर कार्यपालिकाको बैठकले नगर प्रहरी पदपूर्ति समितिको गठन गर्न सक्नेछ ।

तर पदपूर्ति समिति गठन हुन नसकेको अवस्थामा स्थानीय सेवा ऐनमा रहेको पदपूर्ति समितिले नै नगर प्रहरी पदपूर्ति समितिको कार्य गर्न सक्नेछ ।

**पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार :**

**८.१ पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :**

(क) खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदका पाठ्यक्रम निर्धारण गर्ने,
(ख) पदपूर्ति कार्यतालिका बनाउने,
(ग) परीक्षाको तरिका तोक्ने,
(घ) पदपूर्तिका लागि विज्ञापन प्रकाशन गर्ने,
(ङ) परीक्षा सञ्चालन तथा नतिजा प्रकाशन गर्ने,
(च) नियुक्तिका लागि सिफारिस गर्ने,

२) पदपूर्ति समितिले नगर प्रहरी सेवामा खुला प्रतियोगिताद्वारा स्थायी पदपूर्ति गर्ने सम्बन्धमा लोक सेवा आयोगको राय अनुसार आवश्यकता अनुसार कार्यविधि बनाई लागू गर्न सक्नेछ ।

**८.२ विज्ञापन सम्बन्धी व्यवस्था :**

पदपूर्ति समितिले पदपूर्तिका लागि विज्ञापन प्रकाशन गर्दा पत्रिकामा कम्तीमा १५ (पन्ध्र) दिनको म्याद दिई देहायका विषय समेत खुलाई प्रतियोगिताका लागि विज्ञापन प्रकाशन गर्नु पर्नेछ :

(क) पदको नाम,
(ख) आवश्यक सङ्ख्या (खुल्ला र समावेशी अलगअलग देखिने गरी)
(ग) दरखास्त दिने अन्तिम मिति र स्थान,
(घ) दरखास्त दस्तुर,
(ङ) परीक्षा दस्तुर,
(च) आवश्यक न्यूनतम् शैक्षिक योग्यता,
(छ) पेस गर्नुपर्ने आवश्यक प्रमाणपत्रहरू,
(ज) सम्पर्क मिति र स्थान,
(झ) परीक्षाका तरिकाहरू,
(ञ) अन्य सर्तहरू ।

२) उपनियम (१) बमोजिम प्रकाशित विज्ञापनमा उम्मेदवार हुन चाहने व्यक्तिले एउटा पदका लागि समावेशी वा खुलातर्फ दरखास्त दिन सक्नेछन् ।

३) उपनियम (२) बमोजिम दरखास्त पेस गर्ने व्यक्तिले प्रत्येक थप खुल्ला तथा समावेशी समूहका पदका लागि परीक्षा दस्तुरको थप ५० प्रतिशत रकम दस्तुर बुझाउनु पर्नेछ ।

४) उपनियम (१) बमोजिम प्रकाशित विज्ञापनमा उम्मेदवार हुन चाहने व्यक्तिले खुला प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति हुने पदका लागि निर्धारित दरखास्त फाराम भरी परीक्षा दस्तुरसहित विज्ञापनमा तोकिएको स्थान र समयमा बुझाउनु पर्नेछ ।

५) पदपूर्ति समितिबाट विज्ञापन प्रकाशित भएपछि दरबन्दी थप वा खाली भई पद रिक्त भएमा लिखित परीक्षाको नतिजा प्रकाशन हुनुभन्दा अगावै सो पदपूर्ति समितिले सार्वजनिक रूपमा सूचना प्रकाशन गरी सोही विज्ञापनमा सङ्ख्या समेत थप गर्न सक्नेछ ।

**१०. उम्मेदवारको दरखास्त फाराम र प्रवेशपत्रका ढाँचा :** १) उम्मेदवारको दरखास्त फाराम र प्रवेशपत्रको ढाँचा अनुसूची १, अनुसूची २ बमोजिम हुनेछ ।

२) उम्मेदवारले कारणवश प्रवेशपत्र हराएको भनी निवेदन पेस गरेमा नगर पालिकाले तोकेको दस्तुर लिई प्रवेश पत्रको प्रतिलिपि उपलब्ध गराई परीक्षामा सामेल गराउन सक्नेछ ।

**११. अन्तर्वाता समितिको गठन :** पदपूर्ति समितिले एकजना अध्यक्ष र २ जना सम्बन्धित विषयका दक्ष वा विशेषज्ञ समेत गरी कम्तीमा तीनजना सदस्य रहेको अन्तर्वार्ता समिति गठन गर्न सक्नेछ ।

**१२. अन्तिम नतिजा प्रकाशन :** १) पदपूर्ति समितिले छनोट सम्बन्धी सम्पूर्ण प्रक्रिया सम्पन्न भएपछि सबभन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेदवारहरूको योग्यताक्रम अनुसार अन्तिम नतिजा प्रकाशन गर्नु पर्नेछ ।

२) उपनियम (१) बमोजिम नतिजा प्रकाशन गर्दा उम्मेदवार उपलब्ध भएसम्म रिक्त पदका पन्ध्र प्रतिशत वा घटीमा दुई जना योग्यताक्रम अनुसार वैकल्पिक उम्मेदवारको सूची समेत प्रकाशन गर्नु पर्नेछ ।

३) नियुक्तिका लागि सिफारिस भएका उम्मेदवार तोकिएको समयभित्र नियुक्ति लिन नआएमा वा त्यस्तो पदमा नियुक्त भएको ६ महिनाभित्र पद रिक्त हुन आएमा वा नियुक्त भएका उम्मेदवारको काम सन्तोषजनक नभएमा वैकल्पिक उम्मेदवारको सूचीमा रहेका उम्मेदवारलाई योग्यता क्रमानुसार नियुक्ति गर्न सकिने छ ।

**१३. नियुक्ति सम्बन्धी व्यवस्था :**

दफा १२(२) र (३) बमोजिम पदपूर्ति समितिबाट सूची प्रकाशन भई सिफारिस भएका नगर प्रहरीलाई नगरपालिकाले नियुक्ति दिनु पर्नेछ ।

**१४.** नगरप्रहरीको सेवा सुविधा तोकिए बमोजिम हुनेछ । सेवा अवधि र आचरण, विभागीय कारबाही र सजाय सम्बन्धी व्यवस्था नगरपालिकाले तोके बमोजिम हुनेछ ।

**१५. नगर प्रहरीको सेवाका शर्त र जिम्मेवारी :***

१. वस्तु वा सेवाको दर्ता, आपूर्ति, मूल्य, गुणस्तर, नापतौल लगायतका व्यापारिक क्रियाकलापलाई उपभोक्तामैत्री बनाउन नगरपालिका अन्तर्गत स्थापित वा सञ्चालित उद्योग व्यवसायको दर्ता, नवीकरण, बिल बिजक तथा विक्रीको लागि राखिएका मालवस्तु, नापतौत, गुणस्तर, लेबल, आपूर्ति, आदिको अवस्था बुझ्ने तथा तरकारी, फलफूल, माछा, मासु, मिठाई पसल, डेरी, होटल, लगायतका खाद्य वस्तुको विक्री स्थलको सञ्चालन तोकिएको मापदण्ड अनुसार छ/छैन अनुगमन गरी नगरपालिकामा पेश गर्ने ।

२. बजार अनुगमन टोलीलाई आवश्यकता अनुसार सहयोग पुर्‍याउने ।

३. देहायमा उल्लेखित क्रियाकलापमा सङ्लग्न भई नगरपालिकामा प्रतिवेदन पेश गर्ने ।

(क) वस्तु वा सेवाको दर्ता, आपूर्ति, मूल्य, गुणस्तर, नापतौल, विज्ञापन लगायतका व्यापारिक क्रियाकलापको अवस्था,

(ख) कालोबजारी, एकाधिकार, (सिण्डिकेट), मिलिमतोपूर्ण भाउ निर्धारण(कार्टेलिङ), कृत्रिम अभाव तथा बजार प्रवेशमा अवरोध गर्ने जस्ता गैर प्रतिस्पर्धी व्यापारिक क्रियाकलाप भए/नभएको,

(ग) कुनै वस्तुको अनुचित रूपमा व्यापारिक क्रियाकलाप (मिसावट/गुणस्तरहीन) कमतौल भएको देखिएमा/भेटिएमा आवश्यकता अनुसार त्यस्ता वस्तु जफत गर्ने, नष्ट गर्ने, कारोबार रोक्का गर्ने वा बन्द गर्न सहयोग गर्ने,

(घ) कुनै वस्तु तत्काल नष्ट नगरे जनस्वास्थ्यमा असर पर्ने देखिएमा त्यसको जानकारी तुरून्त नगरपालिकामा गराउने र त्यस्ता वस्तुको नमुना सङ्कलन गरी प्रमाणका रूपमा सुरक्षित राखी  अरू प्रचलित कानुन बमोजिम आवश्यक प्रक्रिया पुर्‍याई सम्बन्धित व्यवसायी र उपस्थित व्यक्तिहरूको रोहवरमा मुचुल्का गरी वातावरणमा असर नपर्ने गरी नष्ट गर्नु प्रक्रियामा सहयोग पुर्‍याउने ।

(ङ) वस्तु वा सेवा क्षेत्रमा अनुचित व्यापारिक क्रियाकलाप (Unfair Trade Practices) कानुनद्वारा नियन्त्रित वा निषेधित व्यापारिक क्रियाकलाप (Restrictive Trade Practices) र एकाधिकारपूर्ण क्रियाकलाप (Monopolistic Trade Practics) भएको पाईएमा तुरून्त नगरपालिकामा जानकारी गराउने ।

(च) सडक पेटी अतिक्रमित गरी सामान राखिएको, तोकिएको स्थान भन्दाबाहेक जथाभावी सवारी पार्किङ्ग गरिएको लगायतका कार्य गरिएको पाइएमा सोको जानकारी तुरून्त नगरपालिकामा गराई नगरपालिकाबाट प्राप्त निर्देशन बमोजिम कार्य गर्ने ।

४. बजार व्यवस्थापनसँग सम्बन्धित देहाय बमोजिमको कार्य गर्ने ।

(क) सार्वजनिक आवागमनमा बाधा पुर्‍याई राखेका निर्माण सामग्री, पसल व्यवसायबाट भएको अवरोध हटाउन लगाउने,

(ख) नगर क्षेत्रभित्रको फोहरमैला निर्धारित समय र स्थानमा राख्न लगाउने,

(ग) सार्वजनिक जग्गा, बाटो मठ, मन्दिर, ढल, नाला, चोक, पोखरी मिची कसैले घर कम्पाउण्ड टहरा वा त्यस्तै अन्य निर्माण कार्य गरेको वा व्यक्तिगत रूपले उपभोग गरेको छ, छैन निरीक्षण गरी त्यस्तो कार्य गरेको पाइएमा नगरपालिकामा जानकारी गराउने,

(घ) सार्वजनिक स्थल तथा सडकमा भेटिएका छाडा कुकुर, पशुपंक्षीहरू नियन्त्रण तथा व्यवस्थापनका लागि नगरपालिका लगायतका निकायहरूलाई सहयोग गर्ने ।

(ङ) जोखिमपूर्ण घर, पर्खाल, रूखहरु हटाउन सहयोग पुर्‍याउने ।

(च) वडा समिति, टोल सुधार समिति, तथा सामुदायिक प्रहरीसँगको सहकार्यमा सरसफाइ, सुरक्षा र सामाजिक विकृति हटाउने कार्य गर्ने गराउने ।

(छ) नगरपालिकाको चल, अचल सम्पत्ति, भवन, जग्गा, पार्क, मेसिन, उपकरण आदिको सुरक्षा गर्ने ।

(ज) विना अनुमती व्यानर, होडिङ्ग बोर्ड, पोष्टर, पम्प्लेट, भित्तेलेखन लगायतका अन्य विज्ञापन सामाग्री राखेको पाइएमा नगरपालिकामा जानकारी गराउने ।

---

*** पहिलो संशोधनद्वारा थप**

५. बजार अनुगमनका क्रममा बजार अनुगमन निर्देशिका २०७५ मा उल्लेखित बजार अनुगमन टोलीका लागि व्यवस्था भएको आचारसंहिताको पूर्ण रूपमा पालना गर्नु नगर प्रहरीको कर्तव्य हुनेछ ।

अनुसूची-१

## आवेदनको ढाँचा

श्री प्रमुख प्रशासकीय अधिकृत
मन्थली नगरपालिका

त्यस कार्यालयबाट मिति ..........................मा प्रकाशित विज्ञापन अनुसार म.........................पदमा नोकरी गर्ने अभिलासा लिई निवेदन गर्न आएको छु ।

नाम, थर : ..................................................
जन्म मिति : .................................
जन्म स्थान : .................................
शैक्षिक योग्यता : .................................
१. अनुभव
२ .................................
पेशा : .................................
बावुको नाम : ...............................
बाजेको नाम : ..............................
नागरिकता : .................................

माथि लेखिएको विवरण ठीक साचो छ । झुट्टा ठहरे कानुन बमोजिम बुझाउँला ।

| **दायाँ** | **बायाँ** |
|---|---|
| | |

निवेदकको हस्ताक्षर : .............
मिति : ...............................

**द्रष्टव्य :** माथि लेखिएका देखिबाहेक अन्य कुरा खुलाउनु परेमा छुट्टै पानामा लेखी आवेदन साथै पासपोर्ट साइजको हालसालै खिचिएको तस्बिर यसै साथ समावेश गर्न पर्नेछ ।

**विभागीय उमेद्वारको लागि मात्र :**

(क) हाल कार्यरत दर्जा
(ख) दरबन्दी

**द्रष्टव्य :** दरखास्त साथ विज्ञापनमा उल्लेख भएका अतिरिक्त देहायका कागजात समेत अनिवार्य रूपमा प्रमाणित गरी पेस गर्नु पर्नेछ ।

१) नेपाली नागरिकताको प्रतिलिपि ।
२) विज्ञापन एवम् पदका लागि तोकिएको न्यूनतम् शैक्षिक योग्यताको प्रमाणपत्र ।
३) सम्बन्धित व्यवसायिक परिषदमा नाम दर्ता हुनुपर्ने पदका लागि परिषद्मा दर्ता भएका प्रमाणपत्रका प्रतिलिपि ।

## अनुसूची -२
## प्रवेश पत्रको ढाँचा

पासपोर्ट साइजको फोटो र फारमका दुवैमा पर्ने गरी उम्मेदवारको सही

(नगर प्रहरी..................पदको खुल्ला प्रतियोगिता परीक्षाको लागि)

(क) विज्ञापन मिति :

(ख) विज्ञापन नं. :

(ग) दर्ता नं. :

(घ) नाम, थर

(ङ) उमेर :

(च) श्रेणी, तह

**<u>भर्ना छनोट शाखाको सम्बन्धित कर्मचारीले भर्ने :</u>**

**यस कार्यालयबाट लिइने उक्त पदका परीक्षामा तपाईलाई उक्त केन्द्रबाट सम्मिलित हुन अनुमति दिइएको छ । विज्ञापनमा तोकिएको सर्त नपुगेको ठहर भएमा जुनसुकै अवस्थामा पनि यो अनुमति रद्द हुन सक्नेछ ।**

१. नैतिक पतन देखिने फौजदारी अधियोगमा सजाय पाए/नपाएको मैले यस अघि नगर प्रहरीमा जागिर गरेको छ/छैन । छ भने छोडेको मिति :..........................

२. दर्जा : ................................

३. छाड्नुको कारण : ................................

४. ठेगाना : ................................

(क) स्थायी : ................................

(ख) अस्थायी : ................................

(ग) सम्पर्क नं. : ................................

(घ) इमेल ठेगाना : ................................

५. परीक्षा केन्द्र :

*अधिकृतको दस्तखत :* ................................